म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २०५ बिहीबार, २८ फागुन २०८२ ने. सं. ११४६ चिल्लागा 12 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## फेमकोल एकेडेमीमा शुक्रबार निःशुल्क स्वास्थ्यशिविर हुने

हेटौंडा, २७ फागुन/हेटौंडा-१३, पदमपोखरीस्थित फेमकोल एकेडेमीमा शुक्रबार निःशुल्क स्वास्थ्यशिविर आयोजना हुने भएको छ । शिविरमा विद्यार्थीको आँखा, दाँत र कानको परीक्षण गरिनुका साथै र गत समूह परीक्षण र आवश्यक स्वास्थ्य परामर्श सेवाप्रदान गरिने विद्यालयकी प्रशासनप्रमुख सुष्मा नकर्मीले जानकारी दिइन् । शिविरमा डा. रञ्जनाले विद्यार्थीको दाँत जाँच गर्ने तयारी छ । शिविरमा पदमपोखरी अस्पताल र रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहने विद्यालय प्रशासनले जनाएको छ । विद्यालयले विगत ४ वर्षदेखि निरन्तररुपमा यस्ता स्वास्थ्यशिविर आयोजना गर्दै आएको छ । १० कक्षासम्म पठनपाठन हुने फेमकोल एकेडेमीमा ७ सय विद्यार्थी अध्ययनरत छन् । विद्यालयमै स्वास्थ्यशिविर आयोजना भएपछि विद्यार्थीले सहजै स्वास्थ्यपरीक्षण गराउन पाउने र स्वास्थ्य अवस्थाबारे जानकारी लिन पाउनेछन् ।

### राजनीतिक दलबीचको सद्भाव र सहकार्यप्रति सम्मान

## मकवानपुरमा शान्तिपूर्ण, व्यवस्थित भएको निष्कर्ष

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ प्रतिनिधिसभा निर्वाचन २०८२ मकवानपुरमा शान्तिपूर्ण र व्यवस्थित रुपमा सम्पन्न भएको निष्कर्ष निकालिएको छ ।

दुबै निर्वाचन क्षेत्रको प्रत्यक्ष र समानुपातिक दुबैतर्फको अन्तिम मतपरिणाम आएसँगै प्रदेश निर्वाचन कार्यालयले निर्वाचन समिक्षा गरेको हो । जिल्ला प्रशासन कार्यालयको सभाहलमा आयोजित समिक्षामा अधिकांशले सबै पक्षको समन्वय, सहयोग र आचारसंहिताको पालना भएका कारण निर्वाचन सफलतापूर्वक सम्पन्न भएको बताएका थिए । कार्यक्रममा मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठले राजनीतिक दल, उम्मेदवार, सञ्चार कर्मी, कर्मचारी तथा सुरक्षानिकायको सक्रिय सहयोगका कारण निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न भएको बताइन् ।



उनले राजनीतिक दलहरुले आचारसंहिताको पालना गरेको, सञ्चारकर्मीले सन्तुलितरुपमा समाचार सम्प्रेषण गरेको तथा कर्मचारी र सुरक्षानिकायले जिम्मेवारी पूर्वक काम गरेको कारण निर्वाचन मितव्ययी र व्यवस्थितरुपमा सम्पन्न भएको उल्लेख गरिन् । मुख्य निर्वाचन अधिकृत श्रेष्ठले विशेषगरी राजनीतिक दलबीच कायम भएको सद्भाव र सहकार्यप्रति सम्मान व्यक्त गर्दै यसले निर्वाचन व्यवस्थापनलाई थप सहज बनाएको बताइन् । निर्वाचन अधिकृत देवेन्द्रराज आचार्यले मकवानपुरमा सम्पन्न निर्वाचन अन्य जिल्लाका लागि अनुकरणीय उदाहरण बनेको बताएका छन् । सुरुमा केही स्थानमा आचारसंहिता उल्लंघनका घटना देखिए पनि अन्तिम समयमा सबैले आचार संहिताको पालना गरेको कारण निर्वाचन व्यवस्थितरुपमा सम्पन्न गर्न महत्वपूर्ण भूमिका खेलेको उनको भनाइ थियो ।

उनका अनुसार राजनीतिक दल, दलका प्रतिनिधि तथा उम्मेदवारले सौहार्दपूर्ण वातावरण निर्माण गरेकाले निर्वाचन व्यवस्थापनमा अपेक्षाभन्दा बढी सहयोग प्राप्त भएको थियो । प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले निर्वाचन अधिकृतको कार्यालय स्थापना भएदेखि मतपरिणाम सार्वजनिक हुँदासम्म सबै पक्षबाट अतुलनीय साथ र सहयोग प्राप्त भएको बताएका छन् । छोटो समयका बाबजुद पनि सबै निकायको समन्वय र सकारात्मक सहयोगका कारण निर्वाचन भयरहित र शान्तिपूर्णरुपमा सम्पन्न भएको उनले उल्लेख गरे ।

प्रजिअ अधिकारीले आगामी दिनमा मतदान प्रक्रियालाई अझ सहज बनाउन डिजिटल मतदान प्रणालीतर्फ जानुपर्ने आवश्यकता औंल्याए । अहिले पनि पुरानै शैलीमा मतदान गर्दा प्रक्रिया झन्झटिलो हुने भएकाले प्रविधिमैत्री निर्वाचन प्रणाली आवश्यक रहेको उनको धारणा थियो । कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी, तीनवटै सुरक्षा निकायका प्रमुख, विभिन्न राजनीतिक दलका प्रतिनिधि, गैरसरकारी संस्था महासंघ, नागरिक समाज, उम्मेदवार तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीले आगामी निर्वाचनलाई अझ व्यवस्थित, पारदर्शी र प्रविधिमैत्री बनाउन सुझाव दिएका थिए ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय मकवानपुरले प्रत्यक्ष र समानुपातिकतर्फको मतदान र मतगणनापछि निर्वाचनका सम्पूर्ण कार्यसम्पन्न भएसँगै बुधबार हेटौंडामा धन्यवादसहित सम्मान गर्न आयोजित कार्यक्रममा पनि मुख्य निर्वाचन अधिकृत श्रेष्ठले निर्वाचन शान्तिपूर्णरुपमा र निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचार संहिताको पालना गर्दै सम्पन्न भएको बताइन् । उनले निर्वाचन सफलतापूर्वक सम्पन्न कुनै एक पक्षको मात्र नभएर सबै पक्षको सकारात्मक सहयोगले सम्भव भएको भन्दै सहयोग पुऱ्याउने सबैपक्षलाई धन्यवादसहित आभार व्यक्त गरिन् ।

उनले मतदातादेखि उम्मेदवार र राजनीतिक दल, कर्मचारी सबैको सहयोगमा निर्वाचन हुन्छ हुँदैन भन्ने चुनौतीलाई चिर्दै निर्वाचन सम्पन्न भएको बताइन् । प्रजिअ अधिकारीले मनस्थिति र परिस्थिति दुवै ठीक नभएको अवस्थामा निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न भएको बताए । 'परिस्थिति पनि बिग्रेको थियो, मनस्थिति पनि बिग्रेको थियो, बिग्रेको परिस्थिति अनि विचलित मनस्थितिकाबीच निर्वाचन सम्पन्न भएको छ' प्रजिअ अधिकारीले भने, 'यसमा धेरै पक्षको सहयोग छ, भूमिका छ, सबैको आआफ्नो पक्षले सहयोग गरेकोले निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न सम्भव भएको हो ।'

उनले आचारसंहिता पालनामा प्रत्यक्ष र अप्रत्यक्षरुपमा धेरै काम भएकोले आचारसंहिता पालना भएको भन्दै गृह मन्त्रालयको नेतृत्वले सुक्ष्मढंगले सहयोग, समन्वय र सहकार्य गरेका कारणले पनि आचारसंहिता पालना र शान्तिपूर्ण निर्वाचन सम्पन्न भएको बताए । कार्यक्रममा निर्वाचन अधिकृत देवेन्द्रराज आचार्य, हेटौंडा उपमहानगरका प्रमुख प्रकाशकीय अधिकृत भरत गौतम, प्रदेश निर्वाचन कार्यालय बागमती प्रदेशका प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकाल, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतले आशंकाबीच कुनै अवान्छित गतिविधि बिना मकवानपुरमा निर्वाचन सम्पन्न भएको बताएका छन् ।

कार्यक्रममा निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने जिल्ला प्रशासन कार्यालय, सुरक्षाका चारवटै अङ्गका प्रमुख, प्रदेश निर्वाचन अधिकारी, हेटौंडा उपमहानगरपालिका, नेपाल पत्रकार महासंघलगायत दुवै निर्वाचनको निर्वाचन अधिकृतको कार्यालयमा खटिएका कर्मचारीलाई धन्यवाद सहित आभारपत्र मुख्य निर्वाचन अधिकृत श्रेष्ठ र निर्वाचन अधिकृत आचार्यले वितरण गरेका थिए । निर्वाचन प्रयोजनका लागि गत माघ २ गते मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालय हेटौंडा उपमहानगर पालिका-११ स्थित कृषि थोकबजार केन्द्रमा स्थापना गरिएको थियो ।

## मकवानपुरमा बदरमत २०७९ भन्दा २०८२ मा बढी



साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ प्रतिनिधिसभा निर्वाचन २०८२ मा मकवानपुरका दुवै निर्वाचन क्षेत्रमा बदरमतको संख्या अघिल्लो निर्वाचनको तुलनामा बढेको देखिएको छ ।

निर्वाचन कार्यालयका अनुसार प्रत्यक्षतर्फ विशेषगरी २०७९ को निर्वाचनभन्दा यसपटक बदरमतको प्रतिशत उल्लेख्यरुपमा बढेको हो । मकवानपुरका दुई निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फ कुल १ लाख ८६ हजार ९५९ मत खस्दा १० हजार ६१५ मत बदर भएको मुख्य निर्वाचन कार्यालय हेटौंडाले जनाएको छ । अधिकांश मतपत्रमा एकभन्दा बढी चुनाव चिन्हमा छाप लगाइएकाले मतबदर भएको मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठले जानकारी दिइन् । संख्या र प्रतिशतका हिसाबले मकवानपुर-२ मा सबैभन्दा धेरै मतबदर भएको छ । यसक्षेत्रमा ९१ हजार ११६ मत खसेकोमध्ये ५ हजार ४९७ मत अर्थात ६ दशमलव ३ प्रतिशत बदर भएको छ । २०७९ को निर्वाचनमा भने यहाँ ४ दशमलव ७६ प्रतिशत मतबदर भएको थियो । यसआधारमा यसपटक बदरमतको प्रतिशत बढेको देखिन्छ ।

यस्तै मकवानपुर-१ मा ९५ हजार ८४३ मत खसेकोमध्ये ५ हजार ११८ मत अर्थात ५ दशमलव ३३ प्रतिशत बदर भएको छ । अघिल्लो निर्वाचन २०७९ मा यस क्षेत्रमा ४ दशमलव ४६ प्रतिशत मतबदर भएको थियो । यसपटक यहाँ पनि बदरमतको प्रतिशत बढेको वागमती प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रमुख हरिप्रसाद ढकालले बताए । एकै मतपत्रमा एकभन्दा बढी निर्वाचनचिन्हमा मतसंकेत गर्नु, मतसंकेत नै नगर्नु, औंठाछापको प्रयोग गर्नु बदरमत बढ्नुको मुख्य कारण रहेको प्रदेश निर्वाचन अधिकारी ढकालले बताए ।

प्रत्येक वडामा मतदाता शिक्षाका लागि स्वयंसेवक परिचालन गरिए पनि बदरमत बढ्नु दुःखद भएको उनले बताएका छन् । प्रत्यक्षतर्फ मकवानपुर-१ मा २१ जना र मकवानपुर-२ मा २३ जनाले उम्मेदवारी दिएका थिए । तीमध्ये दुवै क्षेत्रमा ३५ जना उम्मेदवारको धरौटी जफत भएको छ । निर्वाचन कानुनअनुसार कुल सदरमतको १० प्रतिशत मत ल्याउन नसक्ने उम्मेदवारको धरौटी जफत हुने व्यवस्था छ । समानुपातिकतर्फ भने प्रत्यक्षको तुलनामा बदरमत कम देखिएको छ । मकवानपुर-१ मा ३ हजार ८८७ मत अर्थात ३ दशमलव ५१ प्रतिशत बदर भएको छ भने ९३ हजार ७१ मतसदर भएको छ ।

मकवानपुर-२ मा ४ हजार ७० मत अर्थात ४ दशमलव ४३ प्रतिशत बदर भएको छ । दुवै क्षेत्रका समानुपातिकतर्फ ७ हजार ४४७ मत अर्थात ३ दशमलव ३९ प्रतिशत मतबदर भएको निर्वाचन कार्यालयले जनाएको छ । तर, समानुपातिकतर्फ भने २०७९ को निर्वाचनमा बदर मतको प्रतिशत यसपटकभन्दा बढी थियो । त्यतिबेला मकवानपुर-१ मा ६ दशमलव ९३ प्रतिशत र मकवानपुर-२ मा ४ दशमलव ८५ प्रतिशत मतबदर भएको थियो ।

## इन्धन र ग्यास अनावश्यक भण्डारण गरे कारबाही हुने



साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ नेपाल आयल निगमले विश्वबजारमा देखिन सक्ने पेट्रोलियमपदार्थको असहज परिस्थिति मध्यनजर गर्दै उपभोक्तालाई इन्धन र खाना पकाउने एलपी ग्यास मितव्ययी प्रयोग गर्न विशेष अपिल गरेको छ ।

निगमले बुधबार विज्ञप्ती जारी गरी अन्तर्राष्ट्रियस्तरमा देखिएको समस्याका कारण भविष्यमा पर्न सक्ने सम्भावित प्रभावबाट बच्न पूर्वसावधानी अपनाउन सबैमा अनुरोध गरेको हो ।

निगमले उपभोक्तालाई पेट्रोलियमपदार्थ र ग्यास आवश्यक परिमाणमा मात्र खरिद गर्न तथा अनावश्यक भण्डारण नगर्न आग्रह गरेको छ । विशेषगरी मासिक एक सिलिन्डर मात्र ग्यास खपत हुने परिवारले थप सिलिन्डर नभर्न र खाना पकाउनका लागि ग्यासको सट्टा विद्युतीय उपकरण प्रयोग बढाउन निगमले सुझाव दिएको छ ।

त्यस्तै इन्धन बचतका लागि सवारीसाधनमा 'राइड सेयरिङ'को व्यवस्था मिलाउन र विद्युतका लागि जेनेरेटर जस्ता बढी इन्धन खपत हुने उपकरण प्रयोग नगर्न निगमले उपभोक्तालाई अनुरोध गरेको छ । मध्यपूर्वमा देखिएको समस्याका कारण हालसम्म नेपालको आपूर्ति व्यवस्थामा प्रत्यक्ष असर नपरे तापनि नेपाल पूर्णरुपमा आयातमा निर्भर रहेकाले पूर्वतयारी आवश्यक रहेको निगमको भनाइ छ । औद्योगिक क्षेत्रमा इन्धन र ग्यास खपत कम गर्नुपर्नेमा जोड दिँदै निगमले हाल आपूर्ति नियमित रहेको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

यसैबीच निगमले बजारमा कृत्रिमअभाव सिर्जना गर्ने र कालोबजारी गर्नेमाथि कारबाहीको चेतावनी दिएको छ । कसैले अनावश्यकरुपमा ग्यास सिलिन्डर होल्डिङ गरेको, तोकिएभन्दा बढी मूल्य लिएर बिक्री गरेको वा नयाँ सिलिन्डरको अनावश्यक बजारीकरण गरेको पाइए नेपाल सरकारको प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने विज्ञप्तीमा उल्लेख छ । आपूर्ति सहज राख्न र भविष्यको जोखिम न्यूनीकरण गर्न निगमले सबै सरोकारवाला पक्षलाई सचेत र जिम्मेवार बन्न आग्रह गरेको छ ।

## 'एजि एक्सप्रेस'को अन्तर्राष्ट्रिय कुरियर सेवा हेटौंडामा सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/अन्तर्राष्ट्रियस्तरको कुरियर सेवाप्रदान गर्ने उद्देश्यसहित एजि एक्सप्रेसले हेटौंडामा नयाँ शाखा सञ्चालनमा ल्याएको छ ।

हेटौंडा-४ स्थित शीतलमहलचोकमा बुधबारदेखि सेवासुरु भएको यो शाखा कम्पनीको १६ औं शाखा हो । नयाँ शाखाको उद्घाटन पूर्वसांसद दीपकबहादुर सिंहले गरेका हुन् । कार्यक्रममा उनले मकवानपुरमा उत्पादन हुने सामग्रीलाई गुणस्तर कायम राखेर विदेशसम्म पठाउन सके स्थानीय उद्यमीले राम्रो आम्दानी गर्नसक्ने बताए । उनले कम्पनीको टोलीलाई शाखा विस्तारका लागि बधाई तथा धन्यवाद व्यक्त गरे । कम्पनीका ग्लोबल सिइओ तथा अध्यक्ष तुलसी उप्रेतीका अनुसार एजि एक्सप्रेस हङकङ र चीनबाट सुरु भएको संस्था हो, जसले विभिन्न सहरमा सेवा विस्तार गर्दै आएको छ । कम्पनीको मुख्य कार्यालय काठमाडौंको तिनकुनेमा रहेको छ ।

उप्रेतीले एजि एक्सप्रेस केवल कुरियर कम्पनी मात्र नभई विदेशमा रहेका नेपाली र नेपालमा रहेका परिवारबीच भावनात्मक सम्बन्ध जोड्ने सेतु बन्ने लक्ष्यका साथ सेवाविस्तार गरिएको बताए । कम्पनीका अनुसार हेटौंडा शाखामार्फत मकवानपुर तथा आसपासका क्षेत्रका ग्राहकलाई अन्तर्राष्ट्रिय डेलिभरी सेवा उपलब्ध हुनेछ ।

यसमार्फत स्थानीय उत्पादन (जस्तै हस्तकला, मसला, लत्ताकपडालगायत सामग्री) विदेशमा रहेका नेपालीसम्म सुरक्षितरुपमा पुऱ्याइनेछ । विदेशबाट आउने उपहार तथा अन्य सामग्री पनि ग्राहकको घरदैलोमै डेलिभरी गरिने कम्पनीले जनाएको छ ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नवीन सिग्देलले शाखा विस्तारले युवालाई रोजगारीको अवसर सिर्जना गर्ने विश्वास व्यक्त गर्दै कम्पनीको पहललाई स्वागत गरे । कम्पनीले सेवा सञ्चालन पूर्णरुपमा कानुनी प्रक्रियाअनुसार हुने र नेपाल सरकारलाई लाग्ने मूल्यअभिवृद्धि कर तथा भन्सार शुल्क तिरेर सेवा प्रदान गरिने जनाएको छ । एजि एक्सप्रेसले हाल करिब १० करोड रुपैयाँ लगानीमा देशभरका महानगर पालिका र उपमहानगरपालिकामा एक सय शाखा विस्तार गर्ने योजना रहेको जानकारी दिएको छ ।

हेटौंडा शाखा कम्पनीको १६ औं शाखा हो । नयाँ शाखा उद्घाटनको अवसरमा कम्पनीले सम्पूर्ण हेटौंडावासीलाई शुभकामना व्यक्त गर्दै ग्राहकको माया, सुझाव र सहयोगको अपेक्षा गरेको छ । यसअघि पनि हेटौंडामा धेरै कुरियर सर्भिस कम्पनी खुल्ने र केही समय संचालनमा आएर बन्द भएका थिए ।




साझाकुरा

## हाम्रो कुरा

# रास्वपाको चमत्कारिक उपलब्धी

यो निर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले, तत्कालीन माओवादी र नेपाल मजदुर किसान पार्टीले वर्षौंदेखि जित्दै आएका क्षेत्र रास्वपाले खोसेको छ । म सबैभन्दा शक्तिशाली भन्ने व्यक्तिलाई पनि रास्वपाले यो पटक नराम्रोसँग पराजित गरेको छ । ३३ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको बागमती प्रदेशमा ३३ सिटमध्ये राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) एक्लैले ३१ सिट जितेको छ । ग्रामीण भेगका टोलबस्तीमा अब बालेनको सरकार भनेर साना बालबालिका पनि खुशीयाली मनाइरहेका छन् । मताधिकार नभएका बालबालिकालाई पनि बालेनले केही गर्न सक्छन् भन्ने आशा जागेको अवस्था छ । संघीय संरचना लागू भएपछि पहिलोपटक एउटै दलले ३३ सिटमा ३१ सिट जितेर रास्वपाले नयाँ इतिहास बनाएको हो । बाँकी दुईक्षेत्रमा नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले १-१ सिट जिते । २०७९ को निर्वाचनमा कूल सिट संख्याको आधारमा देशकै दोस्रो ठूलो र समानुपातिकमा पहिलो ठूलो दल नेकपा एमाले भने बागमतीमा शून्य बन्न पुग्यो । बागमतीमा काठमाडौं उपत्यकाको तीनसहित १३ वटा जिल्ला छन् । काठमाडौं जिल्लामा निर्वाचन क्षेत्र १० वटा, ललितपुरमा ३, भक्तपुरमा २, चितवनमा ३, धादिङमा २, नुवाकोटमा २, काभ्रेमा २, मकवानपुरमा २, सिन्धुलीमा २, सिन्धुपाल्चोकमा २, दोलखामा १, रामेछापमा १ र रसुवामा १ निर्वाचन क्षेत्र रहेको छ ।

रसुवामा नेपाली कांग्रेसबाट मोहन आचार्यले निर्वाचन जिते । आचार्यले १० हजार ६ ५६ मत ल्याउँदा रास्वपाका बसन्त भट्ट ५ हजार ५७१ मतसहित दोस्रो भए । आचार्यले अघिल्लो निर्वाचन पनि जितेका थिए । यस्तै, सिन्धुपाल्चोक-२ बाट नेकपाका युवराज दुलाल २१ हजार ६९९ मतसहित निर्वाचित भए । यहाँ भने रास्वपाका झलककुमार श्रेष्ठ १४ हजार १९ मतसहित चौथो स्थानमा खुम्चिए । रास्वपाले यी दुई क्षेत्रबाहेक बाँकी सबैमा जित्यो । रास्वपाबाट निर्वाचित हुने अधिकांश ५० वर्ष उमेर मुनिका छन् । सबैभन्दा कान्छा सांसद मकवानपुरका २५ वर्ष ९ महिनाका प्रशान्त उप्रेती छन् । बागमतीबाट ३३ जना प्रतिनिधिसभा सदस्य निर्वाचित हुँदा ४ जना मात्रै महिला निर्वाचित भएका छन् । चितवनबाट सोविता गौतम, काठमाडौंबाट रञ्जु दर्शना (न्यौपाने), ललितपुरबाट तोसिमा कार्की धादिङबाट आशिका तामाङ छन् । काठमाडौं उपत्यका (ललितपुर र भक्तपुरसहित)को १५ वटै सिट रास्वपाले कब्जामा लियो । दोलखा-१ बाट रास्वपाका जगदीश खरेलले चुनाव जिते । उनी अघिल्लो निर्वाचनमा पराजित भएका थिए । रामेछाप-१ मा रास्वपाका कृष्णहरि बुढाथोकी निर्वाचित भए । सिन्धुली-१ मा रास्वपाकै धनेन्द्र कार्की, सिन्धुली-२ मा रास्वपाका आशिष गजुरेल विजयी भए । रसुवा-१ मा कांग्रेसका मोहन आचार्य, धादिङ-१ मा रास्वापाकी आसिका तामाङ, धादिङ-२ मा रास्वपाकै वोधनारायण श्रेष्ठ, नुवाकोट-१ मा रास्वपाका विक्रम तिमिल्सिना, नुवाकोट-२ मा रास्वपाका अच्युतम लामिछाने निर्वाचित भएका छन् ।

१० वटा निर्वाचन क्षेत्र रहेको काठमाडौंमा सबै रास्वपाका उम्मेदवार विजयी भए । काठमाडौं-१ मा रञ्जु दर्शना, २ मा सुनील केसी, ३ मा राजुनाथ पाण्डे, ४ मा पुकार बम, ५ मा सस्मित पोखरेल, ६ मा शिशिर खनाल, ७ मा गणेश पराजुली, ८ मा विराजभक्त श्रेष्ठ, ९ मा डोलप्रसाद अर्याल र १० मा प्रदीप विष्ट निर्वाचित भएका छन् । जसमध्ये अर्याल, खनाल, पराजुली र श्रेष्ठ दोस्रोपटक संसदयात्रा गर्दैछन् । बाँकी सबैले पहिलोपटक संसदयात्रा तय गरेका हुन् । ललितपुरको १ नम्बर क्षेत्रमा बुद्धरत्न महर्जन, २ बाट जगदीश खरेल र ३ बाट तोसिमा कार्की विजयी भए । अघिल्लो निर्वाचनमा ३ नम्बर क्षेत्रमा रास्वा र १ र २ मा क्रमश: कांग्रेस र एमालेका उम्मेदवार विजयी भएका थिए । भक्तपुर-१ मा पनि रुकेश रञ्जित र २ नम्बर क्षेत्रमा रास्वपाका राजीव खत्री विजयी भए । काभ्रे-१ मा रास्वपाका मधुकुमार चौलागाई, काभ्रे-२ मा रास्वपाकै बदनकुमार भण्डारी, सिन्धुपाल्चोक-१ मा रास्वपाका भरतप्रसाद पराजुली, सिन्धुपाल्चोक-२ मा नेकपाका युवराज दुलाल विजयी बने । मकवानपुर-१ बाट रास्वपाका प्रकाश गौतम र मकवानपुर-२ मा रास्वपाका प्रशान्त उप्रेती निर्वाचित भए । चितवनको तीनवटै क्षेत्र रास्वपाले जितेको छ । चितवन-१ मा हरि ढकाल, चितवन-२ मा रवि लामिछाने, चितवन-३ मा सोविता गौतम निर्वाचित भएका हुन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन २९ गते शुक्रबार १३ मार्च २०२६ । दशमी, चैत्र कृष्णपक्ष । चिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:१८ सूर्यास्त ६:१० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सहयोगीको राम्रो साथ पाइनेछ | तुला | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ |
| वृष | : रोकिएका काम बन्ने योग छ | वृश्चिक | : समय उत्साहवर्द्धक छ |
| मिथुन | : लगानीको अवसर जुट्नेछ | धनु | : आम्दानी बढ्नेछ |
| कर्कट | : यात्रा अघि बढ्न सक्नेछ | मकर | : पितृधन लाभ हुनेछ |
| सिंह | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | कुम्भ | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| कन्या | : छिमेकमा असमझदारी बढ्नेछ | मीन | : कृषिमा हानि हुनेछ |

# रवि-बालेन गठबन्धनको ऐतिहासिक जितको अर्थ



✍ झलक सुवेदी

अरब विद्रोहको बेला ट्युनिसिया र इजिप्टका सहरहरूमा प्रदर्शनरत युवाहरूको समर्थन गर्दै आफ्नो फेसबुक पेजमा मैले एउटा स्टाटस लेखेको थिएँ । अहिले फेसबुक खाता बन्द भएकाले त्यसको कपि-पेस्ट गर्न त सकिएन तर त्यसको थालनीमा 'आई डोन्ट नो ह्वाई, बट...' भनेर लेखिएको थियो । अंग्रेजीको उक्त पोस्टको सार थियो: किन हो त म जान्दिनँ तर नागरिकहरू सत्ताका विरुद्ध सडकमा निस्केको देख्दा मलाई खुसी लाग्छ ।

त्यो पोस्टको उक्त वाक्यलाई एक जना लेखकले न्युयोर्क टाइम्समा फेब्रुअरी २०११ को कुनै अङ्कमा अग्रभागमा प्रकाशित आफ्नो आर्टिकलको (लेखकलाई धेरै धन्यवाद) पहिलो वाक्यका रूपमा कोट गरेको पढेको थिएँ (आशा छ उक्त लेखकले यो आलेख पनि पढ्नुहुनेछ) । अरब विद्रोहलाई जनताको जितसम्म तन्किन दिइएन । पश्चिम एसिया र अफ्रिकामा अमेरिकी स्वार्थपूर्तिको साधन मात्र बन्न दिइयो ।

इजिप्टमा सैन्य तानाशाहलाई विस्थापित गरेर आएको जननिर्वाचित लोकप्रिय सत्ता (उदार इस्लामिक झुकाव भएको) सैन्य विप्लवबाट खारेज गरियो । जनरल होस्नी मुबारकको ठाउँमा अहिले जनरल अल-सिसी सत्तामा छन् । कर्णेल गद्दाफीको हत्या गरियो र लिबियालाई थिलोथिलो बनाइयो । ट्युनिसियामा चाहिँ उदारवाद घिटिघिटी भए पनि जीवित जस्तो छ ।

तर, शक्तिशालीहरूको यो खेल र क्रान्तिको अपहरणका घटनाकै कारण सर्वसाधारण जनताले सडकमा निस्केर तानाशाहहरूलाई लल्कार्नुको राजनीतिक सन्देशलाई किञ्चित कमजोर बनाउँदैन । जब शासकहरूले आफूहरूलाई अपमान गरेको, हेपेको र तिरस्कार गरेको जनताले महसुस गर्छन्, तब तब तिनले कुनै न कुनै उपाय निकालेर शासकहरूलाई घोडाबाट झार्छन् । ढिलो-चाँडोको कुरा मात्र हो ।

नेपालमा गत भदौ २३ र २४ मा जनताले सडकमा निस्केर अटेरी शासकहरूलाई गद्दीबाट खेदेका थिए । आफूमाथिको अपमान र हिंसाको बदला लिएका थिए (भदौ २४ का कतिपय घटनाहरूप्रति मेरा असहमति छन्) । फागुन २१ मा तिनै जनताले मतदानमार्फत उक्त राजनीतिक विप्लवलाई वैधता प्रदान गरेका छन् । यति कुरा भन्न या इतिहासको यो तथ्यलाई स्वीकार गर्न कुनै दर्शन र शास्त्र जानिरहनु पनि पर्दैन । कसैको समर्थक र विरोधी भइरहनु पनि पर्दैन ।

फागुन २१ मा नेपाली जनताले आफ्ना कथित मान्यजनहरू, मानिआएका नेता या तिनका स्थानीय प्रतिनिधिहरू, पहिले मत दिँदै हुर्काएका दल र पोलिटिकल क्लासका हर्ताकर्ताहरूलाई नसोधी, थाहै नदिएर चल्तीको भाषामा चुपचाप एउटा मौन विद्रोह गरे । तिनले लामो समयदेखि दलहरूले शासन सञ्चालनका क्रममा जसरी विधिको हुर्मत लिएका थिए, जसरी जनमतको अपहेलना गरेका थिए, जसरी राज्य र सरकार सञ्चालनको लागि पाएको मतलाई उल्फाको धनझैँ मनमौजी दुरुपयोग गरेका थिए, त्यसको बदला लिए ।

जति उत्खनन गरे पनि कारणहरू यिनै हुन् (कसैकसैले यसबाट कम्युनिस्ट र समाजवादीबाट मुक्तिको अनुभव गरेका छन् भने तिनलाई पिसाबको न्यानो अनुभूति गर्न सुविधा दिन सकिन्छ) र परिणाम हो रास्वपाले हासिल गरेको ऐतिहासिक जित ।

यस मानेमा जनताको यो विद्रोहप्रति म सम्मान व्यक्त गर्छु । रास्वपाका प्रति मेरा प्रश्न र असहमति छन् तर उसले प्राप्त गरेको जनादेशप्रति खुसी व्यक्त गर्छु । मैले भनेर हुन्थ्यो भने, यस्तो विद्रोहमार्फत प्राप्त जनसमर्थनको बलमा म थप र्‍याडिकल सुधारका लागि प्रयास गर्थेँह थप समावेशी प्रतिनिधित्व, समावेशी विकास र प्रगतिशील पुँजीवादको लागि अवरोध गर्ने संरचनागत गोर्डियन नटमाथि बन्चरो प्रहार गर्थें । अब के गर्ने भन्ने जिम्मेवारी त बालेन, रवि, डीपी र स्वर्णिमहरूको हातमा छ ।

यो असामान्य जितका लागि आम मतदाता र रास्वपालाई बधाई छ । यस्तो बधाई जहिले पनि चेतावनीसहितको दिने चलन छ, म पनि त्यसबाट मुक्त हुन सक्दिनँ । त्यही अर्थमा रास्वपाका सभापति रवि लामिछाने, प्रधानमन्त्रीको उम्मेदवारका रूपमा चुनाव लडेर जित हासिल गरेका युवा नेता बालेन्द्र शाह र अर्थशास्त्री मित्र स्वर्णिम वाग्लेलगायत सबैलाई सफलताको शुभकामनासहित हार्दिक बधाई । अहिले नै भनिराखौं- राम्रो गरे ताली लाउँला, नराम्रो गरेको देखे यही कोलमबाट गाली बर्साउँला । यहाँ भने रास्वपाको जितका अर्थ र सम्भावनाका विषयमा चर्चा गरिनेछ ।

### जितको पृष्ठभूमि

यसपालिको निर्वाचन रास्वपाले जित्नुका पछाडि लामो समय सत्ता सञ्चालन गरेका दलहरूका प्रति आम वितृष्णा मुख्य कारण अवश्य थियो । र, त्यति मात्रै अवश्य होइन । मानिसहरू आफ्नो जीवनमा साना-साना परिवर्तनको पनि खोजी गरिरहेका थिए । केही समययता नेपालमा लोकप्रिय बनेका केही सिनेमाहरू, रचिएका र लोकप्रिय भएका गीतहरू हेर्दा थाहा हुन्छ- मान्छेको निराशा र त्यसका प्रतिको विरोध सिर्जना गर्ने भाष्यहरू (न्यारेटिभ) बनिरहेका थिए । निश्चल बस्नेत निर्देशित सिनेमा 'लुट' यसको एउटा उदाहरण हो । लुटले नेपाली सिनेमाको परम्परागत ढर्रालाई च्यातचुत पारेर नयाँ मोड त दिएको थियो नै, सँगै त्यसले २०६३ सालपछिका सरकार सञ्चालन गर्ने नेताहरूले जनतालाई दिएको धोकाको भण्डाफोर गरेको थियो । उनीहरूका प्रति गहिरो घृणा र रोष दर्शकहरूमा भरिदिएको थियो ।

त्यसअगाडि जगदीश घिमिरेको उपन्यास 'सकस'ले पनि त्यही भावलाई फरक ढङ्गले प्रस्तुत गरेको थियो । प्रकाश सपुतका लोकप्रिय भिडिओ गीतहरू 'बोल माया' र 'पीर'ले पनि आम निराशाका कार्यकारण सम्बन्धबारे मानिसहरूलाई चेतना दिएको थियो । अर्को गीत छ- 'रेलको बाटो पुग्दै छ रे तिमी बस्ने सहरमा, जिन्दगी चल्न त चल्या छ पिरै पिरमा छ ।' यस्ता अरू धेरै गीतहरू छन् जसले मानिसहरूमा आफ्नो अवस्थाप्रति निराशा र समाज व्यवस्थाप्रति आक्रोश सिर्जना गरिदिन्छन् ।

समग्रमा यी कथ्यहरू आम जनताले दैनिक जीवनमा व्यहोरेका पीडाकै अभिव्यक्ति थिए जो हेर्दा-सुन्दा भावुक त थिए नै, तिनले मानिसहरूलाई आफू बाँचिरहेको समाज र त्यसको सञ्चालन गर्ने व्यवस्थाका प्रति घृणा र आक्रोश भरिदिन्थे । मानिसहरूको चेतना झक्झक्याउने यी गीतहरूसँगै त्यसका कारणका रूपमा खास-खास दल र नेताहरूको नाम लिएर गरिने आलोचना, यसबीचमा उद्घाटित उच्चस्तरका नेताहरू संलग्न रहेको भनिएका भ्रष्टाचार काण्डहरू, प्रशासनिक ढिलासुस्ती र आप्रवासी श्रमिकहरूले घर छाडेर निस्केपछि पाउने अनेक दु:ख र व्यहोर्नुपर्ने झन्झटबारे मिडियाबाट आइरहने समाचारहरू पनि राज्य सञ्चालकहरूका प्रति असन्तोष बढाउन सहयोगी नै थिए ।

यसै समय मिडियाबाटै उदाएका रवि लामिछानेले त्यसको विकल्प सम्भव छ र म त्यसको विकल्प दिन्छु तपाईंहरूले साथ दिनुस् भनेर दिएको विश्वास आजको रास्वपाको थालनीकालीन जग हो । समग्रमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी, केपी ओली, देउवा र प्रचण्डका विरुद्धका न्यारेटिभमाथि उभिएको रवि र बालेनको क्रेज यो जितका पछि मुख्य कारण रहेको छ ।

बालेनले काठमाडौंको मेयरका रूपमा गरेका कामको अर्धसत्य कथ्यहरूको बढाइचढाइ प्रचार र उनको र्‍यापर युवाको छवि निर्माणमा सक्रिय आन्तरिक तथा बाह्य शक्तिकेन्द्रहरू तथा अल्गोरिदमिक छायाछवि, तथा 'अल्फा मेल' चरित्रका रूपमा रवि लामिछानेको आक्रामक भाषणकला रास्वपालाई घरघर पुर्‍याउने टुल्सहरू हुन् ।

स्वर्णिम वाग्लेको प्रवेशले उज्यालिएको रास्वपाको अनुहारमा रवि लामिछानेको सहकारी प्रकरणबाट कालोपोतो लाग्न थालेको भए पनि राज्यले अपनाएको भेदभावपूर्ण व्यवहारले छालामा क्रिमको काम गरेको थियो (केही अध्येता के भन्छन् भने युवायुवतीमा बालेनप्रति र अधबैँसेहरूमा रविका प्रति आकर्षण जबर्जस्त थियो जुन मतमा पनि बदलिएको थियो) ।

भदौ २४ को मुख्य कारणका रूपमा रहेको सामाजिक सञ्जालहरूमाथिको प्रतिबन्ध र कलिला युवाहरूको हत्याले कांग्रेस-एमाले सम्मिलित संयुक्त सरकारसँगै संस्थापन पक्षको नेतृत्वको शासकीय वैधता खरानी बनाएको थियो ।

भदौ आन्दोलनको स्वामित्व ग्रहण गरेर बालेन र रास्वपाले सँगसँगै आम नागरिकहरूमा आफू नै वर्तमान शासकीय बेथितिको विकल्प रहेको सन्देश प्रसारित गरेका थिए । बालेनलाई थप लोकप्रिय बनाउन खासगरी तत्कालीन प्रधानमन्त्री ओली र एमालेको सरकारले उनलाई गरेको अपमान र निरन्तरको असहयोगले काम गरेको थियो । चुनाव आउने बेलामा भएको रवि र बालेनको व्यक्तित्वको फ्युजनका कारणले रास्वपाको लोकप्रियता चुलिएको हो ।

यति भन्नुको कारण के हो भने सरकार गठनभन्दा पहिले नै रास्वपा मतको आठ हजार मिटर अग्लो सगरमाथामा उभिएको मात्र हुनेछैन आम मतदाताले गरेको विश्वास र भरोसाको, दैनिक जीवनमा व्यहोर्नुपरेका अनेक अभाव र गरिबी, कुशासन र गरिबीबाट मुक्तिको लागि आम मानिसहरूले गर्ने अपेक्षाको ५१ लाख मिटर अग्लो चुचुरोमा पनि उभिएको हुनेछ ।

पहिलो दिनबाटै उसको परीक्षण सुरु हुनेछ । उसले पाएको मत हेर्दा थाहा हुन्छ- एमालेसँग या च्यासलका ओलीसँग रिसाएका एमाले, कांग्रेससँग असन्तुष्ट कांग्रेस, प्रचण्डसँग असन्तुष्ट माओवादी, कम ज्यालामा धेरै काम गर्नुपर्ने निजी विद्यालयका शिक्षकहरू, आफैँसँग असन्तुष्ट हरेक मान्छे, स्कुले नानीहरूदेखि पर देशिएका र उतै सेटल्ड भएका तर त्यसमा गर्व गर्न नपाएका डायस्पोरिक नेपालीहरू सबै रास्वपाका मतदाता र प्रचारक हुन् । हरेक एमाले र कांग्रेस या माओवादी जसले चुपचाप रास्वपालाई मत दिएको छ, ऊ पर्खेर हेर्ने रणनीतिमा छ । लोकप्रिय काम गरे यो रास्वपातिर हामफाल्छ, मन नपरे पुरानै घर फर्किन्छ ।

गरिब निम्न आय वर्गका मानिसहरूको बहुसंख्या रहेको समाजमा व्यक्तिले सामना गरिरहेका बेरोजगारी, महँगो शिक्षा र स्वास्थ्यको बोझ, परिवारको सदस्य परदेशिनुपर्ने बाध्यता, मानव तस्करहरूको सञ्जालमा फसेका युवा र तिनको परिवारका साना-साना सपनाहरू पूरा नहुँदा तिनीहरू छिटो-छिटो निराश हुनेछन् ।

भौतिक विकासले मात्र मान्छे लोकप्रिय हुन्थे भने बुटवलमा विष्णु पौडेल र चितवन ३ मा रेनु दाहालले चुनाव हार्नुपर्ने कारण थिएन । मानवीय विकास र गुणस्तरीय जीवनको माग, स्वदेशमै रोजगारी र सामान्य जीवनयापनको अपेक्षा गर्नु नागरिकका दृष्टिले उनीहरूको पहिलो अधिकार हो । कमसेकम यसप्रति राज्य जिम्मेवारीपूर्वक लागेको अनुभूति जनताले गर्न पाउनुपर्छ । मतदाताले पहिलो दिन नै यस्तो लक्षण खोज्नेछन् । रास्वपाले आम मानिसका अपेक्षाको भारी कसरी सम्हाल्छ भन्ने कुराले उसको शासकीय वैधताको परीक्षण गरिरहनेछ ।

### अवसर धेरै, केही चुनौती

रास्वपाले चुनाव जितेर सरकार बनाउने निश्चित भएपछि उसका चुनौतीबारे चर्चा सुरु भइसकेका छन् । तर म भने उसलाई चुनौतीभन्दा अवसर बढी देख्छु । यो अभूतपूर्व जनादेश नै उसका लागि सबैभन्दा ठूलो शक्ति हो जसले चुनौतीहरूलाई कुल्चँदै हिँड्न सहयोग गर्छ । मेरा एक जना छिमेकी साथीलाई मैले यस्तो प्रश्न गरेको थिएँ । उनले सहज रूपमा भने: यसअगाडि सरकार चलाउनेहरूले राम्रो काम गरेको भए पो नयाँलाई चुनौती हुन्छ ! पहिलेको असफल भएर बदनाम भएको अवस्थामा आउनेले अरू केही गर्नुपर्दैन आफूलाई संविधान र कानुनले तोकेको जिम्मेवारी खुरुखुरु पूरा गरे सफल भइहाल्छ ।

रास्वपाका लागि पनि यसअगाडि गतिलो काम गरेको सरकारको दबाब छैन । उसले गर्नुपर्ने मुख्य काम भनेको नेपालमा विधिको शासन चल्छ भन्ने स्थापित गर्नु हो । दलीयकरण अन्त्य गर्नु हो । हरेक क्षेत्रमा स्वच्छ प्रतिस्पर्धा हुन्छ र छनोटमा मेरिटोक्रेसी लागू हुन्छ भन्ने विश्वास दिलाउनु हो । गल्ती गर्ने, अपराध गर्नेले राज्यबाट संरक्षण पाउँदैन, भनसुन चल्दैन, सरकारी सेवामा हरेक सिधासाधा नागरिकले र टाठाबाठाले समान रूपले पहुँच पाउँछन् भन्ने निश्चित गर्नु हो ।

सुशासन रास्वपाबाट अपेक्षा गरिएको सबैभन्दा ठूलो माग हो । परम्परागत सोच भएको ब्युरोक्रेसी, राजनीतिक दल र साहुमहाजनलाई खुसी पारेर लाभ लिन पल्केको प्रहरी र गृह प्रशासन यसमा आइलाग्ने चुनौती हुन् । कमिसन एजेन्ट र बिचौलिया यसका दोस्रो चुनौती हुन् । वाइडबडीदेखि छापाखानासम्मका ठूला-ठूला काण्डहरू यी दुई पक्षले सिर्जना गर्छन् । यसबाट ठाडै पन्छिनु र बिचौलियामुक्त हुने कुराको निश्चित गर्नु रास्वपाले पाएको ठूलो अवसर हो ।

स्थानीय र प्रदेश सरकार आफ्नो नहुनु रास्वपाका लागि एउटा समस्या हो । उसले विद्यमान संवैधानिक व्यवस्थामा परिवर्तन गरेर स्थानीय तहलाई गैरदलीय बनाउने र प्रदेशको मुख्यमन्त्री प्रत्यक्ष निर्वाचित गर्ने भनेको छ । आगामी चुनावअगाडि नै संसद्मा आवश्यक पर्ने दुईतिहाइ समर्थन जुटाउन उसले कतिपय कार्यसूचीमा कांग्रेस र कम्युनिस्ट पार्टीहरूसँग सम्झौता गर्नुपर्नेछ । उनीहरूलाई सहमतिमा लिएर आवश्यक कानुनहरू बनाउने र संविधानमा समेत संशोधन गर्दै शासकीय उल्झनहरू तत्काल हटाउने उसलाई अवसर र केही चुनौती पनि छन् । यस्ता हर्डलहरू नहटाउँदा उसले सेवा प्रवाह र स्थानीय विकासका कामहरू समयमा गर्न सक्दैन । यो दाउपेच र लेनदेनको खेल खेल्ने कला पनि उसमा आवश्यक छ ।

अर्को अवसर र चुनौती नेपाली अर्थतन्त्रको संरचनागत अवरोध छिनाल्नु हो । नेपालको अर्थतन्त्रमा रहेको मुख्य संरचनागत अवरोध निर्वाहमुखी कृषिमा अत्यधिक श्रमको खपत र औद्योगिक विकास नहुनु हो । कृषिमा आधुनिकीकरणमार्फत त्यहाँबाट अतिरिक्त श्रमलाई बाहिर निकाल्ने र उद्योगको विकासमार्फत रोजगारी सिर्जना गर्ने पहल लिन नसके हामी यो संरचनागत गतिरोधको सिकार बनिरहनेछौँ ।

व्यावसायिक र प्राविधिक शिक्षाको विस्तार, तुलनात्मक लाभका क्षेत्रहरूको खोजी र त्यसमा आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहन गर्न नीतिगत तथा कानुनी परिवर्तन, आपूर्ति शृंखला अवरोध नहुने गरी शान्तिसुरक्षाको व्यवस्था र उद्योग स्थापना र पूर्वाधारका क्षेत्रमा एउटै ढोकाबाट सबै सेवा उपलब्ध हुने निश्चितता अहिलेको प्राथमिकतामा पर्नुपर्ने विषय हुन् । दशकौँदेखि हामी यी कुरा गर्दै र काम नगर्दै आएकाले अहिलेको गतिरोध सिर्जना भएको हो ।

नेपालले उद्योगमा पनि छिमेकी देशहरूसँग प्रतिस्पर्धाका क्षेत्र पहिल्याउनु छ । खासगरी चीनले उच्च प्रविधियुक्त उद्योगतिर फड्को मारिरहेको र कतिपय उद्योगहरू सिफ्ट गर्न चाहेको अवस्थामा हाम्रा प्राथमिकता पहिल्याएर विदेशी लगानी भित्र्याउनु, सूचना प्रविधिको क्षेत्र र कृत्रिम बौद्धिकताका क्षेत्रमा काम गर्ने जनशक्ति तयार पार्नु, नेपाललाई शैक्षिक तथा उपचार गन्तव्य बनाउनु, झोले र कम खर्चिलो पर्यटनलाई गुणस्तरीय र उच्च मूल्यको पर्यटनमा बदल्नु, कृषिलाई नाफा निश्चित हुने पेसाका रूपमा रूपान्तरण गर्दै प्रशोधन उद्योगसँग जोड्नु अहिले गर्न सकिने कामहरू हुन् । नीतिगत परिवर्तन, कानुनी उल्झनको समाधान र प्रशासनिक ढिलासुस्तीमाथि प्रहार गरेर यी लक्ष्यहरू हासिल गर्न सम्भव छ ।

समग्रमा विश्वबजारको आपूर्ति शृंखलासँग जोडिएको तर राष्ट्रिय चरित्र बोकेको औद्योगिक पुँजीवाद नै हामीले हिँड्ने बाटो हो । त्यसो नगरेसम्म न राज्यको आय बढ्छ न सामाजिक सुरक्षाका क्षेत्रमा लगानी बढाउन सकिन्छ । न रोजगारी सिर्जना हुन्छ न रास्वपाले भनेजस्तो नेपालीलाई रोजगारीका लागि विदेश जानुपर्ने बाध्यताको अन्त्य हुन्छ । यसो गर्न नसकेपछि पाँच वर्षपछि सगरमाथा चुचुरोबाट बेसक्याम्पमा डाइभ हान्ने अवस्था आउने निश्चित नै छ ।

सुशासन र आर्थिक वृद्धि अन्तरसम्बन्धित पनि छन् । जनताको अपेक्षासँग गाँसिएका मुख्य पक्ष पनि यिनै हुन् । रास्वपालाई अहिलेसम्म नछिचोलिएको, कांग्रेस-कम्युनिस्टले गर्न नसकेको यो संरचनागत हर्डल भत्काउने ठूलो अवसर छ । नैतिक रूपले कमजोर भएका कांग्रेस-कम्युनिस्टहरूले उसलाई संसद् र सडकमा पनि तत्काल ठूलो अवरोध गर्ने तागत राख्दैनन् । यो नै रास्वपाले प्राप्त गरेको अवसर हो ।

### थप जिज्ञासाहरू

भारतभित्र मात्र होइन, बाहिर पनि कम्युनिस्ट आन्दोलनमा सक्रिय रहेका एक जना भारतीय मित्रले बालेनको जितलगत्तै मलाई प्रश्न सोधी पठाए: बालेनलाई वासिङ्टनको ब्याकिङ छ भन्छन् नि, के हो ? त्यसो हो भने भारतले उनीप्रति कस्तो व्यवहार गर्ला खासगरी नेपालमा वर्चस्वका लागि अमेरिकासँग भारतको प्रतिस्पर्धा भइरहेको सन्दर्भमा ? यस्तो प्रश्न नेपाल मामिलामा चासो राख्ने चिनियाँ मित्रहरूले पनि गरिरहेका छन् ।

बालेन र रास्वपाको उदयलाई विश्वबिरादरीले कसरी हेरेको छ भन्ने एउटा सङ्केत हो यो । उनका प्रश्नको अनुमानित उत्तर मात्र दिन सकिन्छ । बालेन र वासिङ्टनको बीच के सम्बन्ध छ भन्ने थाहा पाउने मसँग कुनै सूचना छैनन् । अहिलेसम्म प्रमाणित रूपमा त्यसो भन्न सकिने आधार पनि छैनन् । तर भदौ २३ र २४ का घटना र त्यसपछिको विकसित राजनीतिक घटनाक्रममा सामेल पात्रहरू र तिनीहरूसँग बालेनको प्रत्यक्ष/परोक्ष सम्बन्ध हेर्दा दालमा कालो छ कि भनेर प्रश्न उठ्ने गरेको छ । भदौ २३ गतेपछि पश्चिमा र भारतीय मिडियाले सबैभन्दा बढी नाम लिएका सुधन गुरुङ बालेनको टिममा रहनु, निर्वाचनको पूर्वसन्ध्यामा अमेरिकी र युरोपेली मिडियाले बालेन शाहलाई भावी प्रधानमन्त्रीका रूपमा प्रोजेक्सन गरिरहनुले कमसेकम यति भन्न सकिन्छ कि अमेरिकी विदेश नीति सञ्चालन गर्ने एजेन्सीहरू बालेनलाई भावी प्रधानमन्त्रीका रूपमा देख्न चाहन्छन् । अहिले भन्न सकिने त्यति मात्र हो ।

चुनावलगत्तै काठमाडौंस्थित अमेरिकी दूतावासले जारी गरेको विज्ञप्तिमा (बालेन सरकारसँग) समृद्धि र सुरक्षाका क्षेत्रमा मिलेर काम गर्न चाहेको वक्तव्य आउनुले पनि यसप्रति केही सङ्केत गर्छ । अमेरिकाले बालेन र उनको समूहमार्फत नेपालमा आफ्नो उपस्थिति बलियो बनाउन अवश्य प्रयास गर्नेछ, तर यसमा बालेन कसरी प्रस्तुत हुन्छन् भन्ने कुरा त त्यतिबेलै थाहा होला ।

अहिले बरु भारतीय प्रधानमन्त्रीले बालेन र रवि दुवैलाई टेलिफोन गरेर बधाई दिएका छन् । सहकार्यको प्रस्ताव गरेका छन् । अमेरिका बोल्दैन, गरिरहन्छ । राष्ट्रपति या विदेशमन्त्रीले केही भनिरहनु पर्दैन, एजेन्सीहरू आफैँ सक्रिय रहन्छन् । यसैले भारत र अमेरिकाका बीच नेपालमा वर्चस्व स्थापित गर्न प्रतिस्पर्धा हुने नै छ । नेपालले त्यसको लाभ कति र कसरी लिन सक्छ भन्ने कुरा हाम्रो हातमा छ । यसमा बालेन र रास्वपा कति सफल हुन्छन् त्यो चाहिँ अब प्रतीक्षा गरिने विषय हो, अहिले नै फैसला दिने विषय होइन ।

एउटा कुरा भने अहिले नै भन्न सकिन्छ: अमेरिका नेपाललाई चीन र भारत दुवैका विरुद्ध आफ्नो प्रभाव क्षेत्रका रूपमा प्रयोग गर्न सक्रिय हुने नै छ, यसमा कसले चुनाव जित्यो भन्ने कुराको खासै महत्त्व हुँदैन । त्यस्तो प्रयासलाई नेपालका स्वार्थहरूको सीमाभित्र कैद गर्न सक्ने क्षमता जसले राख्छ ऊ सफल हुने हो, रास्वपाको परीक्षण यसमा पनि हुनेछ ।

नेपाल मूलत: भारतीय वित्तीय तथा व्यापारिक पुँजीको सेपमा परेकाले जोसुकै सरकारमा आए पनि कहीँ न कहीँ भारतसँग टसल सुरु हुन्छ । बालेनले कति सोचविचार गरेर बोलेका थिए थाहा छैन, इटहरीमा उनले नेपाली पहाडको तरकारीले भारतीय तरकारी विस्थापित गरिदिने वचन दिएका थिए । तर भारतले आफ्नो तरकारी बजार सुरक्षित गर्न वीरगन्जमा स्थापित क्वारेन्टाइन निष्क्रिय बनाउन राजनीतिक दबाब दिएर सफल भएको थियो ।

पोखरा र लुम्बिनी विमानस्थल नेपालले अर्घेलो गरेकाले नचलेका या चल्न नपाएका होइनन्, भारत र अमेरिकाको दबावले काम गरेको छ । पोखरा विमानस्थलको विषयलाई लिएर चीनको विरोध गर्न नागरिक समाजका नाममा भारतीय र अमेरिकी संस्थाहरूले लगानी गरिरहेका छन् भन्ने पनि लुकेको विषय होइन । विमानस्थल सञ्चालनका प्रयासमा के प्रतिक्रिया हुनेछ भन्ने कुराले पनि बालेनलाई वासिङ्टनले ब्याकिङ गरे/नगरेको थाहा हुनेछ । दिल्ली सहयोगी छ कि छैन भन्ने पनि यहीँ परीक्षण हुनेछ । जनतालाई आश्वासन दिन सजिलो छ । यो स्साला भूराजनीतिको मच्छड मार्न चाहिँ निकै गाह्रो छ ।

अहिलेलाई रास्वपा र बालेनलाई सफलताको शुभकामना !

पूरा कार्यकाल सरकार चलोस् ।

पाँच वर्षपछि जनता निराश नहोऊन् ।

*(साभार: अनलाइनखबर)*

# प्रतिनिधिसभामा ९० प्रतिशत बढी नयाँ अनुहार

काठमाडौं/अबको केही दिनमा गठन हुने प्रतिनिधिसभामा ९० प्रतिशत बढी नयाँ सांसदहरू देख्न पाइने भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले करिब दुई तिहाइ बहुमत पाएको निर्वाचनमा सबैजसो दलमा नयाँ जनप्रतिनिधिको बाहुल्यता रहने छ ।

समानुपातिकको नतिजा बाँकी छ, त्यहाँबाट पनि केही सीमित पुराना सांसदहरू बाहेक सबै नयाँ सांसद आउने छन् । सबै आँकडा केलाउँदा २७५ मध्ये करिब २५० जना सांसद नयाँ हुनेछन् । यसपालिको प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित १६५ जनामध्ये १४० जना नयाँ सांसद हुनेछन् । उनीहरू पहिलोपटक निर्वाचित भएकाहरू हुन् । त्यसरी निर्वाचित हुनेमध्ये अधिकांश रास्वपाका सांसद छन् । कांग्रेस, एमाले र नेकपाबाट निर्वाचितमध्ये पनि आधाभन्दा बढी नयाँ छन् ।

पुराना भनिएका २५ जनामा पनि अधिकांश अघिल्लो पटक मात्रै निर्वाचित भएका हुन् । पटकपटक सांसद भएका र संसदीय राजनीतिलाई पेसा बनाएकाहरू होइनन्, ती २५ जनामा रास्वपाका सांसदको बाहुल्यता छ ।

**१० जना मात्रै पुराना**

प्रतिनिधिसभामा विभिन्न दलबाट १० जना सांसदहरू निर्वाचित भएका छन्, जो यसअघि नै पटकपटक संसद्मा देखिएका अनुहार हुन् । रुकुम पूर्वबाट निर्वाचित नेकपा उम्मेदवार पुष्पकमल दाहाल, रोल्पाबाट निर्वाचित वर्षमान पुन, सर्लाही-४ मा रास्वपाबाट निर्वाचित अमरेशकुमार सिंह त्यसका उदाहरण हुन् । कांग्रेसका टेकबहादुर गुरुङ, पुष्पकमल दाहाल, वर्षमान पुन र धनबहादुर बुढा र महेन्द्र बहादुर शाही र मोहम्बर इस्तिहाक राई मात्रै दुई पटकभन्दा बढी निर्वाचित सांसद हुन् ।

धनकुटामा एमाले सांसद राजेन्द्रकुमार राई, मनाङमा कांग्रेसका टेकबहादुर गुरुङ, डोल्पामा नेकपाका धनबहादुर बुढा, कालिकोटमा नेकपाका महेन्द्रबहादुर शाही पनि यसअघि निर्वाचित सांसद हुन् । बाँके-२ का एमालेका मोहम्बद इस्तियाक राई र बाजुराबाट नेपाली कांग्रेसका जनकराज गिरी पनि पुरानै सांसद हुन्, जो यसपालि पनि निर्वाचित भए ।

सबैभन्दा बढी निर्वाचन क्षेत्र भएको काठमाडौं उपत्यकाले १५ सिटमध्ये तीन बाहेक सबै नयाँ सांसद पठायो । अघिल्लो पटक निर्वाचित भएका शिशिर खनाल, विराजभक्त श्रेष्ठ र गणेश पराजुली हुन् । यसपालि प्रत्यक्ष निर्वाचित डीपी अर्याल अघिल्लो पटक समानुपातिक सूचीमा थिए ।

**१६ जना दोस्रो पटक**

२०७९ सालको प्रतिनिधि सभामा कैयौं सांसदहरू निर्वाचित भएर आएका थिए, जो यसपालि



पनि दोहोरिएका छन् । रास्वपाबाट निर्वाचितमध्ये १२ जना दोहोरिएका छन् । रवि लामिछाने, हरि ढकाल, सोविता गौतम, निशा डाँगी, इन्दिरा राना मगर, मनिष झा, शिशिर खनाल, गणेश पराजुली, विराजभक्त श्रेष्ठ, डीपी अर्याल र डा. तोसिमा कार्की यसपालि निर्वाचित भए ।

पूर्वसभामुख सुवास नेम्वाङको निधनका कारण भएको उपचुनावमा सुहाङ नेम्वाङ र रामचन्द्र पौडेल राष्ट्रपति निर्वाचित भएका कारण भएको उपचुनावमा निर्वाचित डा. स्वर्णिम वाग्ले यसपालि पनि दोहोरिए ।

जुम्लाबाट निर्वाचित राप्रपा सांसद ज्ञानेन्द्र शाही र मुस्ताङबाट अघिल्लो पटक निर्वाचित कांग्रेस सांसद योगेश गौचन पनि दोहोरिएका छन् ।

**समानुपातिकमा केही पुराना**

११० सिटको समानुपातिक निर्वाचन प्रणालीमा पनि पुराना केही सांसदहरू दोहोरिन सक्छन् । तर केही सीमित बाहेक अधिकांश नयाँ सांसदहरू निर्वाचित हुने निश्चित छ । ५७/५८ सिट जितेको राष्ट्रिय स्वतन्त्र पार्टी, श्रम संस्कृति पार्टी र नेकपाले सबै नयाँ अनुहार लाई समानुपातिक सूचीमा राखेको छ । त्यहाँबाट कोही पनि पुराना सांसदहरू आउने सम्भावना छैन ।

एमालेका उषाकला राई, पदमा अर्याल, निरु पाल, कोमल वली र शान्ता चौधरी यसअघि निर्वाचित भइसकेका सांसद हुन् । तीमध्ये सबै होइन, केही मात्रै चुनिने भएकाले नयाँ अनुहार अझै बढ्ने छ । नेपाली कांग्रेसका भीष्मराज आङदेम्बे र अर्जुननरसिंह केसी मात्रै पटकपटक संसदीय राजनीतिमा देखिएका अनुहार हुन्, अरू सबै नयाँ छन् । समानुपातिकको ११० सिटमध्ये सबै दलको जोडेर १० जना पनि पुराना दाहोरिने सम्भावना छैन ।

**प्रतिस्पर्धा नगरेका अनुहार**

यसपालिको चुनावमा दुई कारणले पुराना सांसदहरू संसदीय राजनीतिबाट टाढा हुने भएका हुन् । पहिलो, कतिपय दलहरूले उम्मेदवार बनाउँदा सीमित पुराना नेताहरूलाई मात्रै उम्मेदवार बनाएको थियो । अर्कोतर्फ उम्मेदवार बनेकाहरू पनि अधिकांश निर्वाचित हुन सकेका छैनन् ।

प्रत्यक्ष प्रणालीतर्फ १६५ निवर्तमान सांसदमध्ये ७० जना यो पटक प्रतिस्पर्धामा थिएनन् । ११० समानुपातिकमध्ये बढीमा १० जना मात्रै प्रतिस्पर्धामा थिए । आठ जना पूर्वसांसद आपसी प्रतिस्पर्धामा भएकाले निर्वाचित हुन सकेनन् । रास्वपाकी निवर्तमान सांसद सुमना श्रेष्ठ संसदीय प्रतिस्पर्धामा थिइनन् । सन्तोष परियार प्रगतिशील लोकतान्त्रिक पार्टीको समानुपातिक सूचीमा त थिए, तर प्रलोपाले थ्रेसहोल्ड कटाउन सकेन ।

कांग्रेसका शेरबहादुर देउवादेखि धनराज गुरुङ र उपसभापति विश्वप्रकाश शर्मा प्रतिस्पर्धामा थिएनन् । प्रकाशमान सिंहदेखि आरजु राणा प्रतिस्पर्धा बाहिर थिए । एमालेका टोपबहादुर रायमाझीदेखि योगेश भट्टराई अनि विद्या भट्टराईले प्रतिस्पर्धा गरेका थिएनन् ।

**आपसमा पराजित**

जुम्ला, झापा-२, सर्लाही-४ र धनुषा-३ मा एकभन्दा बढी निवर्तमान सांसदहरू आपसमा प्रतिस्पर्धा गरिरहेकाले उनीहरूमध्ये एक/एक जना मात्रै निर्वाचित भए । आपसी प्रतिस्पर्धाले ६ जना पूर्वसांसद प्रतिनिधिसभामा आउन रोकिए ।

सर्लाही-४ मा रास्वपाका अमरेशकुमार सिंह निर्वाचित हुँदा कांग्रेस सभापति गगन थापा पराजित भए । रास्वपा सांसद सिंह भने नयाँ अनुहार होइनन् । उनी पटकपटक कांग्रेसबाट निर्वाचित थिए भने अघिल्लो पटक स्वतन्त्र रूपमा निर्वाचन जितेका थिए ।

झापा-२ मा इन्दिरा राना मगर निर्वाचित भएकाले निवर्तमान सभामुख देवराज घिमिरे र कांग्रेस समानुपातिक सांसद सरिता प्रसाईं प्रतिनिधिसभामा आउन सकेनन् । व्यवस्थापिका व्यवस्थापनको नेतृत्व गरेको अनुभव बोकेका राना मगर र घिमिरे आपसमा प्रतिस्पर्धा गरेकाले एक जना रोकिने निश्चित जस्तै थियो ।

धनुषा-३ मा रास्वपाका मनिष झा प्रतिस्पर्धामा थिए । एमालेकी पूर्वसांसद जुलीकुमारी महतो, कांग्रेसका समानुपातिक पूर्वसांसद विमलेन्द्र निधि पराजित भए । जुम्लाबाट राप्रपाका ज्ञानेन्द्र बहादुर शाहीले रास्वपाका विनिता कठायतलाई रोके ।

**समानुपातिकमा छैनन्**

अघिल्लो पटक समानुपातिबाट निर्वाचित एमालेका कोही पनि सांसद यसपालि प्रत्यक्ष र समानुपातिकको सूचीमा थिएनन् । तर २०७९ सालअघि निर्वाचितहरू भने सुरक्षित रहन समानुपातिक सूचीमा बसेका छन् ।

समानुपातिक सूचीमा रहेका रामबहादुर थापा नयाँ संविधान बनेपछिको प्रतिनिधिसभामा थिएनन् । पद्मा अर्याल २०७४ सालमा निर्वाचित सांसद हुन् । एमाले, कांग्रेस, रास्वपाले अघिल्लो निर्वाचनको समानुपातिक सूचीलाई दोहोऱ्याएका थिएनन् ।

एमालेले २०७९ सालका सांसदहरूलाई समानुपातिक सूचीमा राखेको छैन । तर त्यसअघि सांसद भइसकेका उषाकला राई, पदमा अर्याल, निरु पाल, कोमल वली र शान्ता चौधरीलाई सूचीमा राखेको छ । कांग्रेसबाट अघिल्लो पटक समानुपातिक सूचीमा रहेका डा. प्रकाशशरण महत र बिमलेन्द्र निधि मात्रै प्रत्यक्ष प्रतिस्पर्धामा थिए, दुवै जना निर्वाचित हुन सकेनन् । माओवादी, एकीकृत समाजवादीलगायत अरू समूह मिलेर बनेको नेकपामा पनि समानुपातिक सूचीमा नयाँ अनुहार थिए, पुराना सांसद दोहोरिएनन् ।

**बहुचर्चित नेता पराजित**

पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र माधवकुमार नेपाल आ-आफ्नो क्षेत्रमा पराजित भए । कांग्रेस सभापति गगन थापा निर्वाचित हुन सकेनन् । एमालेको संगठनमा रहेका महत्वपूर्ण व्यक्तिहरूले चुनाव जित्न सकेनन् भने कांग्रेसमा पनि त्यही हालत भयो ।

एमालेका ईश्वर पोखरेल, शंकर पोखरेल, प्रदिप ज्ञवाली, गोकर्ण विष्ट पराजित भए । कांग्रेसको केन्द्रीय राजनीतिमा प्रभाव राख्ने शेखर कोइरालासहित गुरुराज घिमिरे, प्रदिप पौडेल, विमलेन्द्र निधि लगायत पराजित भए ।

मधेशमा क्रियाशील दलहरूका नेता एवं मधेशवादी दलका कुनै पनि प्रमुख नेताहरू निर्वाचित हुन सकेनन् । उपेन्द्र यादवदेखि राजेन्द्र महतो, सीके राउतलगायत पराजित भए । कांग्रेस एवं एमालेबाट मधेशमा क्रियाशील नेताहरु निर्वाचित हुन सकेनन् । मधेश प्रदेशका ३२ मध्ये ३० सिट रास्वपाले जितेको छ ।

संसदीय राजनीतिमा सदाबहार निर्वाचित सांसदहरू यसपालि प्रतिनिधिसभामा देखिने छैनन् । पञ्चायतकालमा रजगज गरेका शरदसिंह भण्डारी पराजित भएका छन् । महन्थ ठाकुर राष्ट्रिय सभातिर लागेका छन् । २०४६ सालको परिवर्तनपछि राजनीतिमा लागेका धेरै अनुहारहरू निर्वाचित छैनन् । पञ्चायतको पतनसँगै त्यही राजनीतिक आस्थाबाट खुलेको राप्रपामा समेत युवा अनुहार आएका छन् । प्रतिस्पर्धामा रहेका राप्रपाका कमल थापा जमानत जफतसहित पराजित हुनुपर्‍यो ।

टिप्पणीकार नवीन तिवारी नेपालको प्रजातान्त्रिक एवं लोकतान्त्रिक संघर्षमा कांग्रेस, एमाले र माओवादीको योगदान रहे पनि ती दलका नेताहरूले नेपालको राजनीतिलाई जमेको पोखरी जस्तो बनाइदिएको टिप्पणी गर्छन् । 'उनीहरूले विगतमा संघर्ष गरेका थिए, तर नेताहरूले त्यसको ब्याज खान खोजिरहे, प्रतिफल दिएनन्,' तिवारी भन्छन्, 'जनताले त्यो प्रवृति स्वीकार गरेनन् । तीन दलीय सिन्डिकेटको भाष्यका कारण उनीहरूले आफ्नो मत बदलेर नयाँ राय प्रकट गरेका हुन् ।'

**युवा बाहुल्य**

३० वर्षमुनिका १३ जना सांसद चुनिएका छन् । जसमध्ये सबै रास्वपाका छन् भने एकजना मात्रै श्रम संस्कृति पार्टीका छन् । ४० वर्षमुनिका सांसदको संख्या ६२ छ । ५० वर्षमुनिका सांसदहरु ११९ जना छन् । पाका सांसदहरूको संख्या उल्लेख्य रूपमा घटेको छ । पुष्पकमल दाहाल र महावीर पुन बाहेक कोही पनि ७० कटेका सांसद छैनन् । ६० कटेका सांसद १३ जना मात्रै छन् । प्रत्यक्षतर्फ सांसदहरूको औसत उमेर नै ४३ छ र ८२ जना सांसद त्यो उमेर समूहभन्दा मुनिका छन् । तर समानुपातिक सांसद चयनपछि भने आँकडा केही फेरबदल हुनसक्छ ।

*(स्रोत: अनलाइनखबर)*

# हेटौंडामा हुने खेलकुद महोत्सवको तयारी अन्तिमचरणमा



साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/यही फागुन २९ गतेदेखि हेटौंडामा हुन लागेको दोस्रो खेलकुद, कृषि तथा पर्यटन महोत्सवको तयारी तीव्र पारिएको छ ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा हेटौंडा-१० स्थित टिसिएनचौरमा महोत्सव हुन लागेको हो । जिल्लाको खेलकुद क्षेत्रको विकासका लागि आयोजना गर्न लागिएको महोत्सवको तयारीलाई तीव्र पारिएको आयोजकले जनाएको छ । जेन्जी आन्दोलनको क्रममा भएको भौतिक क्षति पुन:स्थापना तथा खेलकुद सामग्री खरिद एवम् खेलकुद क्षेत्रको विकासका लागि महोत्सवको आयोजना गर्न लागिएको खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष राजकुमार मोक्तानले जानकारी दिए ।

'दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवको तयारीलाई तीव्र पारिएको छ । अहिले महोत्सवस्थलको घेराबारासहित स्टल निर्माण, खेलकुद प्रतियोगिता आयोजनास्थलको मर्मतसम्भार लगायत कार्य भैरहेको छ', अध्यक्ष मोक्तानले भने । महोत्सवबाट बचेको रकमले मकवानपुर जिल्ला खेलकुद विकास समितिको भवन निर्माण र खेल सामग्री खरिद गरिनेछ । महोत्सव सञ्चालनमा करिब ८० लाख रुपैयाँ खर्च हुने बताइएको छ । ४ सयवटा व्यावसायिक स्टल रहने महोत्सवमा खेल, व्यापार, कृषि र पर्यटनलाई एउटै थलोमा जोड्ने उद्देश्य राखिएको अध्यक्ष मुक्तानले बताए ।

महोत्सवमा राष्ट्रिय महिला भलिबल, राष्ट्रिय तेक्वान्दो, जिल्लास्तरीय पुरुष भलिबल, ब्याडमिन्टन र कराँते प्रतियोगिता, १० किलोमटिर महिला तथा पुरुष दौड प्रतियोगिता हुनेछ । महोत्सवमा विभिन्न जातजातिका सांस्कृतिक झाँकी प्रदर्शन हुने बताइएको छ । महोत्सवमा दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारबाट सांगीतिक प्रस्तुति रहने खेलकुद विकास समितिका सदस्य मदन उप्रेतीले बताए ।

खेलकुद महोत्सवमा खेलक्षेत्रका १० जनालाई जनही नगद २५ हजार रुपैयाँसहितम सम्मान गर्ने आयोजकको तयारी रहेको छ । खेलकुद विकास समितिले यसअघि पनि महोत्सवको आयोजना गरेको थियो । महोत्सवबाट बचेको रकम खेलाडीको हितका लागि कोषमा राखिएको बताइएको छ ।

# बदलाको कथामा 'मुक्तिपुर' बन्ने, मुख्य भूमिकामा नाजिर

काठमाडौं/अपराध र बदलाको कथामा फिल्म 'मुक्तिपुर' निर्माण हुने भएको छ । मंगलबार बिहान काठमाडौंको बसुन्धारास्थित इन्द्रायणी मन्दिरमा मुहूर्त पूजा गर्दै फिल्मको औपचारिक रूपमा निर्माण घोषणा गरियो । मुहूर्तसँगै फिल्मको छायाकंन पनि सुरू गरिएको छ । काठमाडौं आसपासका क्षेत्रमा ४० दिन फिलमको छायांकन हुने जनाइएको छ ।

साहिबा फिल्मस् प्रोडक्सनको ब्यानरमा निर्माण हुने यस फिल्मलाई सुनिल पाण्डेले निर्देशन गर्नेछन् । यो उनको डेब्यु निर्देशन हो । यसको कथा उनी स्वयंले तयार पारेका हुन् । उनले 'मुक्तिपुर'ले एक आम परिवारको प्रतिनिधित्व गर्ने पात्रको जीवनमा आउने अकल्पनीय मोड र त्यस पछिको बदलाको कथा बोल्ने बताए ।

फिल्ममा नाजिर हुसेन, गौरव पहारी, प्रकाश शाह, एवनराज उप्रेती र आकृति बुढाथोकी प्रमुख भूमिकामा देखिनेछन् । आकृतिले यही फिल्मबाट अभिनेत्रीको रूपमा डेब्यु गर्न लागेकी हुन् । घनश्याम जोशी, सरस्वती अधिकारी, अनिल कुर्मी, स्वायम केसी, हरोन अली, उदय अली, सारा शर्मा, अनामिका लामिछाने लगायतका कलाकारहरूको पनि फिल्ममा अभिनय रहनेछ ।

शरद महतोको छायांकन तथा सम्राट बस्नेतको द्वन्द्व निर्देशन रहने यस फिल्ममा विजय राजवंशी र रोशन पासवान निर्मातामा छन् । 'एभरेष्ट फिल्म एकेडेमी'ले पनि निर्माणमा सहकार्य गरेको छ । फिल्मका कार्यकारी निर्माता विशाल श्रेष्ठ तथा सह-निर्माता केशव गौतम हुन् । निर्माण टिमले छायांकन सकिएको ६ महिनाभित्र फिल्म प्रदर्शन गर्ने लक्ष्य राखेको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद'

**दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव, हेटौंडा-२०८२**

मितिः २०८२ फाल्गुन २९ गतेदेखि चैत्र १४ गतेसम्म स्थान : हेटौंडा-१०, टिसिएन चौर

**राष्ट्रिय तेक्वान्दो प्रतियोगिता** २०८२ चैत्र ११, १२ र १३ गते

**खुल्ला राष्ट्रिय महिला भलिबल प्रतियोगिता** २०८२ चैत्र ४, ५, ६, ७ र ८ गते

**जिल्ला स्तरीय महिला/पुरुष १० कि.मि. दौड प्रतियोगिता** २०८२ फागुन २९ गते

**जिल्ला स्तरीय व्याडमिन्टन प्रतियोगिता** २०८२ फागुन २९, ३० गते

**जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता** २०८२ चैत्र १, २ र ३ गते

**जिल्ला स्तरीय कराते प्रतियोगिता** २०८२ चैत्र ९ र १० गते



### कैलाश आधारभूत अस्पतालको मुख्यमन्त्री बानियाँद्वारा उद्घाटन

# गाउँमा अस्पताल बन्नु लोकतन्त्रको उपलब्धीः मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले कैलाश गाउँपालिकास्थित विपि स्मृति कैलाश आधारभूत अस्पतालको उद्घाटन गरेका छन् ।

कार्यक्रममा मुख्यमन्त्री बानियाँले गाउँमै अस्पताल बनेर सेवाप्रवाह गर्नु नै लोकतन्त्रको उपलब्धी रहेको बताएका छन् । सिंहदरबारको अधिकार गाउँगाउँमा आएको अवस्थामा गाउँकै अस्पतालमा रगत, दिशापिसाब जाँचगर्ने, आँखा, हाडजोर्नी, जनरल उपचार गर्न कैलाशबासीमा सहज बनेको उनले उल्लेख गरेका छन् । लोकतन्त्र भ्रमको व्यवस्थान भएको भन्दै मुख्यमन्त्री बानियाँले जनतालाई सत्य र यर्थाथको बीचमा जनप्रतिनिधिले आफ्नो कुरा गर्दै जनताको कुरा सुन्दै काम गरिनुपर्ने बताए ।

भौगोलिक विकटताले दुर्गम रहेको कैलाश गाउँपालिका विस्तारै सडक सञ्जाल विस्तार, शिक्षा र स्वास्थ्यमा सुधार, सेवा सुविधाले विस्तारै अघि बढिरहेको अवस्था रहेको उनले बताए । उनले कैलाशलाई प्रकृतिले भरिपूर्ण रहेको र भगवान् महादेवले कैलाशमा आराधाना र ध्यान गर्ने स्थलको रुपमा परिचित रहेका पर्यटनको हिसाबले विकास हुँदै गरिरहेको बताए । गाउँपालिकाले सीपमूलक र उद्यमीको आयआर्जनसँग जोडेर लैजानुका साथै शिक्षामा प्रविधिसँग जोडेर अध्ययन गराउनुपर्ने उनले बताए ।



'यस अस्पताललाई आज जुन मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा अस्पतालबाट डाक्टरको टोलीले शिविर सञ्चालन गर्नुभएको छ आगामी दिनमा कम्तिमा महिनामा शिविर सञ्चालन गरी सेवाप्रवाह गर्न आग्रह छ' मुख्यमन्त्री बानियाँले भने ।

अस्पताललाई चाहिने आवश्यक पर्ने सामग्री प्रदेश सरकारले पनि सहयोग र सहजीकरण गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख ललित बहादुर घलानले गाउँमै सञ्चालित अस्पतालबाटै सेवा लिन आग्रह गरे ।

गाउँघरमा उपचारबाट बञ्चित नहोस् भन्ने हेतुले गाउँघर स्थानीय तहमा गाउँघर क्लिनिक सञ्चालन भएको छ तर, पनि ठुला वा जटिल रोगको उपचार अस्पतालबाटै गरिनुपर्ने बताए । नेपालको संघीय शासन प्रणाली कार्यान्वयन सँगै स्थापित स्थानीय सरकारको महत्वपूर्ण आधारस्तम्भको रुपमा गाउँपालिका रहेको गाउँपालिका अध्यक्ष लोक बहादुर मुक्तानले बताए । 'हामीले पहिलोपटक नवौं स्थापना दिवस मनाएका हौं । यसअघि कुनै पनि स्थानीय सरकारले स्थापना दिवस नमनाएको अवस्थामा पहिलोपटक हामीले मनाएको छौं' अध्यक्ष मुक्तानले बताए ।

जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख किरण श्रेष्ठले अस्पतालन सञ्चालनको लागि कार्यालयको तर्फबाट आवश्यक समन्वय र सहकार्य गरी अघि बढ्ने प्रतिवद्धता जनाए । गाउँपालिका अध्यक्ष मुक्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लठकुरी, वडा २ का वडाध्यक्ष राजेन्द्र घिसिङ, नेपाल पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगर, नेकपाका कमल अर्याललगायतले आफ्नो भनाई राखेका थिए । कार्यक्रममा गाउँपालिका वडाअध्यक्ष, कार्यपालिका सदस्य, विद्यालयका शिक्षक, राजनीतिक दलका प्रतिनिधि, विद्यार्थी, सञ्चारकर्मीको उपस्थिती रहेको थियो ।

कार्यक्रममा लोकगायिका प्रतिमा अर्यालले आफ्नो साङ्गीतिक प्रस्तुती दिएकी थिइन् । सोही अवसरमा कर्मचारी र विद्यार्थीले पनि आफ्नो नृत्य प्रस्तुत गरेका थिए । संघीय सरकारको ६ करोड ५८ लाख ९९ हजार १ सय ७६ रुपैंया लगानीमा स्थापना भएको अस्पतालको मूख्यमन्त्री बानियाँले उद्घाटन गरेका हुन् । अस्पताल आशिष आर्शिवाद स्वामी नारायण जेभीसँग २०७८ जेठ २७ गते निर्माण सम्झौता भई २०८२ असारमा निर्माण सम्पन्न भएको थियो । अढाई तल्ले अस्पताल भवनमा १० शैया रहेको छ । अस्पतालमा २ जना चिकित्सकसहित २२ जनाको दरबन्दी रहेको छ ।

अस्पतालमा ५ जना स्टाफ नर्स, २ जना अनमी, ३ जना हेल्थ असिष्टेन्ट, २ जना अहेव, १ जना कविराज, १ जना ल्याव टेक्निसियन, १ जना रेडियोग्राफर, १ जना फार्मेसी सहायक, १ जना डेन्टल हाइजिनिक, १ जना नासु, २ जना कार्यालय सहयोगी, १ जना सरसफाइकर्मी र १ जना सुरक्षाकर्मी रहेका छन् । तर, हालसम्म स्वास्थ्यचौकीको दरबन्दी मात्रै रहेको स्वास्थ्य शाखाप्रमुख तिलकप्रसाद गौतमले बताए । अस्पतालमा इमरजेन्सी सेवासहित स्त्ररोग, बालरोग, दन्तरोग, छाला रोग, आयुर्वेद, आँखाजाँच, प्रयोगशाला, भिडियो एक्स-रे, इसिजीलगायतका सेवा उपलब्ध हुने जनाइएको छ ।

अस्पताल स्थापना भएपछि कैलाश गाउँपालिकाको १० वटै वडा र राक्सिराङ गाउँपालिकाको वडा नम्बर ४ र ९ का बासिन्दा लाभान्वित हुने गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले जानकारी दिए । २१ हजार ८ सय ५६ जनसंख्या रहेको गाउँपालिका मकवानपुर सदरमुकाम हेटौंडाबाट ४५ किलोमिटर टाढा छ ।

# दलीय शिक्षक संगठन खारेज गर्न नवनिर्वाचित सांसदको ध्यानाकर्षण



साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ मकवानपुर क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित प्रशान्त उप्रेतीलाई थाहा नगरका एक प्रधानाध्यापकले दलीय शिक्षक संगठन खारेज गर्नुपर्ने लगायत माग सहित ध्यानाकर्षण गराएका छन् ।

चम्पेश्वर आधारभूत विद्यालयका प्रधानाध्यापक विनोद सुवेदीले विभिन्न माग राखेर नवनिर्वाचित सांसद प्रशान्त उप्रेतीको ध्यानाकर्षण गराएका हुन् । नवनिर्वाचित सांसद उप्रेती मतदातालाई धन्यवाद दिन निर्वाचन क्षेत्रको विभिन्न स्थानमा पुग्ने क्रममा थाहा नगर-१० विसिंखेलस्थित चम्पेश्वर आधारभूत विद्यालयमा उनी पुगेका थिए । उनलाई स्वागत एवं सम्मान गर्दै प्रधानाध्यापक सुबेदीले आगामी शिक्षा ऐनका लागि २० बुँदे सुझाव समेटेर ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

पत्रको पहिलो बुँदामा 'सबै दलसँग आस्थाराख्ने शिक्षक संघसंगठन खारेज' गर्नुपर्ने उल्लेख छ । ट्रेड युनियन अधिकार सुनिश्चित गर्नका लागि वडा, पालिका, जिल्ला, प्रदेश, केन्द्रमा प्रत्यक्ष निर्वाचित पेशागत नेपाल शिक्षक संघ गठन गर्नुपर्ने र सम्पूर्ण शिक्षक, कर्मचारी अनिवार्य सदस्य रहने प्रावधान राख्नुपर्ने उनी बताउँछन् । वडामा रहेका विद्यालयमा कार्यरत शिक्षकबाट वडाशिक्षक परिषद गठन गर्ने, वडाबाट शिक्षकले चुनेका प्रतिनिधि बाट स्वतन्त्र पेशागत पालिका शिक्षक संगठन निर्माण, वडापरिषदले छनोट गरेका प्रतिनिधिबाट जिल्ला र प्रदेशमा समिति गठन गर्ने, जिल्ला प्रतिनिधिबाट केन्द्रीय समिति गठनको प्रावधान हुनुपर्ने र तीनै तहका सरकारबाट निर्वाचन गराउने पद्दति कायम गर्नुपर्ने उनको माग छ ।

'चाहे उद्योग होस् वा विद्यालय जति राजनीतिक दल छ, त्यति भातृ संगठन गठन छ, त्यसैले सबै ठाउँ विग्रेको छ' शिक्षक सुबेदीले भने, 'कुनैपनि विद्यालय, सरकारी कार्यालय होस वा उद्योगमा खोलिएका दलीय संगठन खारेज गर्नुपर्छ । खारेज गरिसकेपछि अर्न्तराष्ट्रिय मान्यता, ट्रेड युनियन अधिकार र राज्यसँग जायज माग प्रस्तुत गर्नका लागि संघसंगठन चाहिन्छ । त्यसका लागि दलगत हैन, पेशागत स्वतन्त्र संगठन बनाउने व्यवस्था हुनुपर्छ ।' रास्वपाको वाचापत्र २०८२ मा सरकारी सेवाभित्रको दलगत टेड युनियन व्यवस्था खारेज गरी प्रशासनलाई पूर्णरुपमा पेशागत, तटस्थ र उत्तर दायी बनाउने उल्लेख छ ।

सरकारी कर्मचारीले कुनैपनि प्रकारका भ्रातृसंगठन निर्माण नगर्ने ब्यवस्था गर्ने रास्वपाले प्रतिबद्धता जनाएको छ । 'जनताले तिरेको करबाट तलबभत्ता लिएर राज्यका निकायका विभिन्न ओहदामा बसेर राज्य र संविधानप्रति नभई आफ्नो मातृराजनीतिक दलप्रति निष्ठा राख्दै काम गर्नु राष्ट्रपति अनैतिक र दण्डनीय कृत्य हो । राज्यसंयन्त्र कुनै दलको शाखा कार्यालय होइन, यो सम्पूर्ण नागरिकको साझा संस्था हो' सुबेदीले भने । पदीय जिम्मेवारी पुरा नगर्ने पेशागत पदाधिकारीलाई पदबाट हटाउने, शिक्षाका हरेक गतिविधिमा, नीति निर्माणमा, समितिमा शिक्षक प्रतिनिधिको भूमिकामा सुनिश्चितता हुनुपर्ने, ट्रेडयुनियन अधिकार शुनिश्चिताको लागि शिक्षक, कर्मचारी एकतामा सहयोग गर्नुपर्ने शिक्षकको धारणा छ ।

सबै तहका शिक्षक संघले हरेकवर्ष अनिवार्य साधारण सभा गरी शिक्षा सुधारका प्रतिवेदन पारित गरी लागु गर्नुपर्ने, त्यसलाई कार्यान्वयन गर्न सरकारले अनिवार्य सहयोग गर्नुपर्ने, शिक्षक सेवा आयोगलाई लोकसेवा आयोगको अंग बनाउनु पर्ने सुबेदीको माग छ । विद्यालय सञ्चालनमा अभिभावकको भूमिका प्रष्ट तोकी जिम्मेवारी दिनुपर्ने, स्वतन्त्र विज्ञ समूहको सल्लाहबमोजिम नीतिनियम बनाउनु पर्ने, शिक्षाका हरेका प्रशासकीय पदमा शिक्षकबाट व्यवस्थापन गर्नुपर्ने, शिक्षकलाई संघ सरकार मातहतमा राख्नुपर्ने, बौद्धिक क्षमताको आधारमा मर्यादाक्रम कायम गर्नुपर्ने, शिक्षकको आत्माबल कमजोर बनाउने कार्यलाई निरूत्साहित गर्नुपर्ने उनको माग छ ।

### प्रदेशको प्रशासनिक पुनर्संरचनाको लागि तयार गरिएको प्रतिवेदन सरकारलाई हस्तान्तरण

# वर्तमान संरचनामा सुधारका विषय समावेश

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ बागमती प्रदेशको प्रशासनिक पुनर्संरचनाको लागि गठित पूर्वसचिवहरुको विज्ञटोलीले प्रदेश सरकारलाई सुझाव सहितको प्रतिवेदन बुझाएको छ ।

तीन महिनाभित्र पर्याप्त अध्ययन र सुझावसहितको प्रतिवेदन दिने गरी जिम्मेवारी पाएको पूर्वसचिव बिमल वाग्ले संयोजक रहेको टोलीले मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ र उच्चस्तरीय अध्ययन समितिका संयोजक एवम् कृषि तथा पशुपंक्षी विकास मन्त्री मधुसुदन पौडेललाई प्रतिवेदन हस्तान्तरण गरेका हुन् । असोज ३ गतेको मन्त्रिपरिषद् बैठकले प्रशासनिक पुनर्संरचनाको लागि मन्त्री पौडेलको संयोजकत्वमा उच्चस्तरीय समिति गठन गर्ने निर्णय गरेको थियो । प्रतिवेदनमा मन्त्रालयदेखि प्रदेश सरकार मातहात रहेका कार्यालयलाई मितव्ययी बनाएर सेवाग्राहीमैत्री बनाउने विषयमा सुझाव समावेश गरिएको विज्ञटोलीका संयोजक वाग्लेले बताए ।

उनकाअनुसार प्रदेश सरकारले गर्ने विकासनिर्माण कार्यलाई ठीक समयमा ठीक ढंगले प्रतिफल दिनको लागि आवश्यक संयन्त्रको व्यवस्था गर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रतिवेदनले वर्तमान अवस्थामा परिवर्तन ल्याउने भएकोले कर्मचारी प्रशासनलाई सही ढंगले परिचालन गर्नुपर्ने सुझाव छ । प्रदेश सरकारको संगठन संरचनालाई कसरी सुदृढ, कार्यमूलक, मितव्ययी बनाउन सकिन्छ ? भन्ने उद्देश्यमा केन्द्रित रहेर प्रतिवेदन तयार पारिएको विज्ञटोलीका संयोजक वाग्लेले बताए । सरकारलाई जिम्मेवार बनाउन वर्तमान संरचना विश्लेषण गरी सुधारका विषय प्रतिवेदनमा समेटिएको उनको भनाई छ ।

संयोजक वाग्लेले आफूहरुले पाएको कार्यक्षेत्रमा भन्दा बाहिर गएर पनि नीतिगत सुधारका लागि सुझाव दिएको जानकारी दिए । विज्ञटोलीमा पूर्वसचिवहरु रेश्मीराज पाण्डे, गोपीकृष्ण खनाल, जीवनप्रभा लामा र सदस्य सचिवमा बागमती प्रदेशका सचिव (सहसचिव) पूर्णबहादुर दर्जी रहेका छन् । उच्चस्तरीय अध्ययन समितिमा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङ, वनमन्त्री भरत केसी, उद्योगमन्त्री विन्दु श्रेष्ठ, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव कृष्णबहादुर शाही सदस्य र सदस्य सचिवमा उद्योग मन्त्रालयका सचिव हेमराज भुषाल छन् ।

प्रदेश सरकार स्थापनाको ८ वर्षपछि सम्पूर्ण प्रादेशिक संरचना कटौती र फेरबदल गर्न लागिएको हो । यसअघिका विभिन्न सरकारले सत्ता जोगाउने नाममा पटकपटक टुक्रा पारेर बढाइएको मन्त्रालय संख्यादेखि अनावश्यक कार्यालयहरु खारेज गर्ने सरकारको तयारी छ । कार्यक्रममा मुख्यमन्त्री बानियाँले संघीय लोकतान्त्रिक गणतन्त्रको संरचना र प्रदेश व्यवस्थामाथि विभिन्न समयमा प्रश्न उठ्ने गरेको उल्लेख गर्दै प्रदेश प्रणाली लोकतान्त्रिक प्रतिस्पर्धा र विकासको आधार भएको बताए । उनले प्रदेश सरकारको संरचना अझ प्रभावकारी, चुस्त र दुरुस्त बनाउन अध्ययन समिति गठन गरिएको स्पष्ट पारे ।

मुख्यमन्त्री बानियाँले पछिल्लो समय भएका विभिन्न राजनीतिक घटनाक्रमबीच पनि प्रदेश सरकारले विकासका कामलाई गतिशील रुपमा अघि बढाइरहेको बताए । उनले प्रदेश संरचनालाई अझ प्रभावकारी बनाउँदै विकासको प्रतिस्पर्धालाई सुदृढ गर्ने उद्देश्यले समिति गठन गरिएको उल्लेख गरे । उनका अनुसार समितिले दिएको सुझावका आधारमा प्रदेश प्रशासनिक संरचनालाई थप सुधार गर्दै प्रभावकारी बनाउने दिशामा सरकार अघि बढ्नेछ ।

# मकवानपुर भक्तपुरसँग पराजित

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ प्रधानमन्त्री कप बागमती प्रदेश पुरुष प्रतियोगितामा मकवानपुर ४१ रनले पराजित भएको छ । भक्तपुरका रिङजिङ लामाले ७८ रन बनाएसँगै ४८ ओभरमा अल आउट हुँदै सम्मानजनक २४५ रन बनाउन सफल भयो ।




मकवानपुरका लागि रिजन ढकालले ३ विकेट, सागर गजुरेल र विशाल फुँयालले समान २ विकेट हात पार्न सफल भए । जवाफी २४६ रनको लक्ष्य पाएको मकवानपुरले सबै विकेटको नोक्सानीमा ४३ ओभरमा २०४ रनमा सीमित बन्यो । मकवानपुरका लागि विशालले ५३ रन, कप्तान सुमन सुनारले ३१ रन, शुभ कंसाकारले २९ रनबाहेक अरु खेलाडीले खासै रन बटुल्न सकेनन् ।

भक्तपुरका कृष कार्कीले ३ विकेट, सुबास खत्री र अभिनाश बस्यालले समान २ विकेट हातपार्न सफल भए । प्रतियोगितामा भक्तपुरका शिवम तिवारी म्यान अफ द म्याच घोषित भए । तिवारीले ६१ रन बनाउनुका साथै १ विकेट हातपार्न सफल भएका थिए । खेलमा पराजित भएसँगै मकवानपुर अंक तालिकाको पाचौं स्थानमा छ भने भक्तपुर एक स्थान माथि रहेको छ ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना